# महालक्ष्मी विकास बैंक लि.
# Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

## महालक्ष्मी विकास बैंक लिमिटेडको बाईसौं वार्षिक साधारण सभाको काम कारवहीको विवरण (माईन्युट) सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ७५ (३) बमोजिम शेयरधनीहरुको जानकारीका लागि प्रकाशित सूचनाः–

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम यस महालक्ष्मी विकास बैंक लि.को बाईसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्यूको अध्यक्षतामा मिति २०८० साल पौष २८ गते शनिबार (तद्नुसार १३ जनवरी, २०२४) लैनचौर ब्याइकेट, नेपाल स्काउट कम्पाउण्ड, लैनचौर, काठमाडौंमा बिहान १०:०० बजे शुरु भई मध्यान्ह १२.३० मा सम्पन्न भयो । वार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम छन् ।

### सूचना प्रकाशन

यस बैंकको संचालक समितिको मिति २०८०/९/६ (तद्नुसार डिसेम्बर २२, २०२३) गते बसेको सञ्चालक समितिको ५८० औं बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको प्रतिवेदन सहितको वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाई सो बमोजिमको जानकारीका लागि बैंकको वेभसाईड www.mahalxmibank.com.np मा र मिति २०८०/९/७ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक तथा मिति २०८०/९/१९ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशीत गरीएको थियो ।

### गणपुरक संख्या

| बिवरण | कुल संख्या | स्वंयम उपस्थिति | प्रतिनिधि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ९४,६४९<br>फ्रयाक्सन सहित | ५४६ | १४६ | ६९२ | ०.७३११ |
| कम्पनीको शेयर संख्या | ४,१७,१३,१८६ | १७,५७,०८० | २,०५,३०,३२१ | २,२२,८७,४०१ | ५३.४३०१ |

### छलफलका विषयहरुको सुचि सहितको निर्णयहरु

#### (क) सामान्य प्रस्ताब

(१) अध्यक्षज्यूको मन्तब्य सहित बाईसौं वार्षिक साधारण सभा (आ.व. २०७९/०८०) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारीत गर्ने सम्बन्धमा अध्यक्षज्यूले निर्णयार्थ सभामा पेश गर्नु भएकोमा उक्त प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वासलात तथा आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव एबं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध बित्तीय विवरण सहितका अनुसूचीहरु पारीत गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७९/०८० सम्मको मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजी रु. ४,१७,१३,१८,६००/– (चार अरब सत्र करोड तेह्र लाख अठार हजार छ सय मात्र) को ६.४० प्रतिशतले हुन आउने रु. २६,६९,६४,३९०/४० (अक्षरेपी छब्बीस करोड उनान्सत्तरी लाख चौसट्ठी हजार तिन सय नब्बे र पैसा चालीस मात्र) नगद लाभांस (लाभांसमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा लेखापरीक्षण समितिबाट आ.व. २०८०/८१ का लागि बाह्य लेखापरीक्षकमा सिफारीस भएका श्री J.B. Rajbhandary & Dibins, Chartered Accountants लाई नियुक्ति गर्ने र पारीश्रमिक बापत रु ११,००,०००/– (एघार लाख मात्र) (कर बाहेक) भुक्तानी दिने सिफारीस सहितको प्रस्तावलाई छलफल पश्चात शेयधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

| Details of Auditor | Audit Fee |
|---|---|
| J.B. Rajbhandary & Dibins, Chartered Accountants | Annual Audit Fee NPR 11,00,000.00 (Rupees Elevan Lakhs only Including all out of pocket expenses) exclusive of VAT, and inclusive of Certification of tax audit, long form audit report, certification of section 78 of companies Act, and the compliance Report. |

(५) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुविधा बृद्धि तथा थप गर्ने सम्बन्धमा प्रस्तुत गरिएको प्रस्ताव छलफल पश्चात शेयधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो । (२१औं वार्षिक साधारण सभामा पेश गरेको प्रस्तावलाई नै प्रस्ताव गरिएको)

#### (ख) बिशेष प्रस्तावहरु :–

(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र अन्य प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई विदेशी बैंक वा वित्तीय संस्थालाई रणनीतिक साझेदारको रुपमा भित्र्याउने तथा विदेशी बैंक वा अन्य उपयुक्त संस्थालाई बैंकको शेयर बिक्री वा हस्तान्तरण गर्न सकिने भनी प्रवन्धपत्रको दफा ७(झ) लाई संशोधन/परिमार्जन गर्ने र उक्त संशोधन/परिमार्जन भएपछि रणनीतिक साझेदार ल्याउनका लागि आवश्यक पर्ने सम्पूर्ण व्यवस्थाको कार्यान्वयन गर्न गराउन बैंकको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुविधा बृद्धि गर्ने प्रस्ताव पारीत भए पश्चात नियमावलीको नियम २९ (ख) को (१) (२), नियम २९ (घ) को (अ) (आ) मा संशोधन/परिमार्जन गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(३) विकास बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा प्रवन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताब छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

**(ग) विविध :–** छलफल गरीने बिषयहरु : नभएको ।

द ................ कम्पनी सचिब

द ................ अध्यक्ष

**नोट :** वार्षिक साधारण सभामा शेयरधनीहरुबाट प्राप्त सल्लाह सुझाव सम्बन्धि विवरण लगायत सभाको निर्णय सहितको विस्तृत विवरण बैंकको वेभसाईड ठेगाना www.mahalaxmibank.com.np मा हेर्न वा डाउनलोड गर्न सकिनेछ ।

**केन्द्रीय कार्यालय**
दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१–५३६८१५३, ५३६८७१९

**सामान्य प्रशासन विभाग**
थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९/२०

सबल बैंक, सफल सहकार्य

www.mahalaxmibank.com

Size: 3x44